UMH
UNITED MODI HYDROPOWER

# युनाइटेड मोदी हाइड्रोपावर लिमिटेड

पहिलो तल्ला, हेरिटेज प्लाजा-२, कमलादी, का.म.न.पा.- २८, काठमाडौं
फोनः ०१-४१६९११४, फ्याक्सः ०१-४१६९११३
इमेलः unitedmodi@ntc.net.np वेबसाइटः www.umh.com.np

## वार्षिक साधारण सभा सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७९/११/२९ गते)**

**आदरणीय शेयरधनी महानुभावहरु,**

यस कम्पनीको मिति २०७९/११/२५ गते बसेको सञ्चालक समितिको बैठकको निर्णय बमोजिम कम्पनीको आ.व. २०७८/७९ को वार्षिक साधारण सभा निम्नलिखित मिति, समय र स्थानमा देहायका विषयहरु उपर छलफल गरी निर्णय गर्नको लागि कम्पनीको वार्षिक साधारण सभा बोलाईएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुलाई जानकारी गराउँदै उल्लिखित सभामा सहभागिता जनाई दिनु हुन सविनय अनुरोध सहित यो सूचना प्रकाशित गरिएको छ।

**१. साधारण सभा हुने मिति, समय र स्थान :**

**मिति** : २०७९ चैत्र २३ गते बिहिबार (तदअनुसार ०६ अप्रिल, २०२३)
**समय** : विहान ११:०० बजे।
**स्थान** : कम्पनीको रजिष्टर्ड कार्यालय, हेरिटेज प्लाजा-२, कमलादी-२८ काठमाण्डौं (विद्युतीय/भर्चुअल माध्यम : Zoom मार्फत सभा सञ्चालन गरी सोहि बमोजिम सभामा सहभागी हुन र आफ्नो मन्तव्य राख्न मिल्ने व्यवस्था मिलाईने छ।

**२. छलफलका विषयहरु**

**क) सामान्य प्रस्ताव**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।
२. लेखापरिक्षकको प्रतिवेदन सहितको आ.व. २०७८/०७९ का वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाहको विवरण लगायत वित्तिय विवरणहरु उपर छलफल गरी स्वीकृत गर्ने।
३. लेखापरीक्षण समितिको सिफारिस बमोजिम आ.व. २०७९/०८० को लेखापरीक्षण कार्यको लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने।
४. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम श्री विद्युत नियमन आयोगले मिति २०७९/११/१७ को प. सं. ४२० को पत्रमार्फतको सहमति बमोजिम कम्पनीको आ. व. २०७८/७९ को अन्त्य सम्मको संचित मुनाफाबाट कम्पनीको हालको चुक्ता पूँजी रु. १,१५,००,००,०००/- को ७ प्रतिशत बोनश शेयर (कर बाहेक) तथा ०.३६८ प्रतिशत कर प्रयोजनका लागि नगद लाभांश स्वीकृत गर्ने।
५. सञ्चालक समितिले प्रस्ताव गरेबमोजिम श्री अमित पाण्डेज्यूलाई चार बर्ष कार्यकालका लागि कम्पनीको स्वतन्त्र सञ्चालक नियुक्त गर्ने।
६. अन्य लगानीयोग्य क्षेत्र पहिचान गरी लगानी गर्नु परेमा सञ्चालक समितिलाई अख्तियारी दिने।

**ख) विशेष प्रस्ताव**

१. कम्पनीको जारी पूँजी बृद्धि गर्ने।

**ग) विविध।**

साथै साधारण सभा तथा बोनस शेयर प्रयोजनका लागि मिति २०७९/१२/०९ गते कम्पनीको शेयरधनी दर्ता किताब बन्द रहने (बुक क्लोज हुने) व्यहोरा तहाँको जानकारीका लागि अनुरोध छ।
सधन्यवाद।

**सञ्चालक समितिको निर्णयानुसार**
**कम्पनी सचिव**

## वार्षिक साधारणसभा सम्बन्धी थपजानकारी

१. साधारण सभा प्रयोजनको लागि मिति २०७९/१२/०९ गते यस कम्पनीको शेयरधनी दर्ता किताब बन्द हुनेछ। नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०७९/१२/०८ गते सम्म कारोबार भई यस कम्पनीको शेयर रजिष्ट्रार सिबिआईएल क्यापिटल मार्केट्स लि., डिल्लिबजार, काठमाण्डौंमा प्राप्त शेयर नामसारी लिखितको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले मात्र सो सभामा भाग लिन पाउन योग्य हुनुहुनेछ।
२. आफ्नो मन्तब्य राख्न चाहानु हुने शेयरधनी महानुभावहरुले सभा हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै बिहान १०:०० बजे देखि दिनको ४:०० बजे भित्र unitedmodi@ntc.net.np मा इमेल गरी वा कम्पनी सचिवलाई kailash@lexadvisers.com वा cakailash.llb@gmail.com मा इमेल गरी आफ्नो नाम र इमेल ठेगाना टिपाउन अनुरोध गर्दछौं र त्यसरी सम्पर्क गर्नुहुने शेयरधनी महानुभावहरुलाई सभामा मन्तव्य राख्न Meeting ID / Password उपलब्ध गराइनेछ।
३. कम्पनीको शेयरधनी दर्ता किताबमा नाम दर्ता भएका शेयरधनी आफै वा प्रतिनिधि मार्फत विद्युतीय माध्यम (Virtual Zoom Meeting) बाट सभामा भाग लिन, छलफल गर्न सकिनेछ। नाबालक शेयरधनीहरुको तर्फबाट नाबालकको संरक्षक वा निजले नियुक्त गरेको प्रतिनिधिले सभामा भाग लिन तथा छलफल गर्न सक्नेछ। शेयरधनीहरुको दर्ता किताबमा संरक्षकको रुपमा नाम लेखिएको व्यक्तिलाई मात्र संरक्षक मानिनेछ।
४. साधारण सभामा भाग लिन प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले सभा सुरु हुने समय भन्दा कम्तिमा ४८ घण्टा अगावै यस कम्पनीको आधिकारीक Email: unitedmodi@ntc.net.np मा प्रोक्सि फारम दर्ता गरिसक्नु पर्नेछ। यसरी प्रतिनिधि (प्रोक्सि) नियुक्त गरिएको व्यक्ति कम्पनीको शेयरधनी समेत हुनुपर्नेछ। प्रोक्सि फारमको ढाँचा कम्पनीको वेबसाइट www.umh.com.np बाट डाउनलोड गर्न सकिनेछ।
५. संयुक्त रुपमा शेयर खरिद गरिएको अवस्थामा शेयर लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन पाउनेछन्। संगठित संस्था वा कम्पनी शेयरधनी भएको हकमा आधिकारिक पत्र सहित उपस्थित हुनु पर्नेछ।
६. विविध शीर्षक अन्तर्गत प्रश्न गर्न चाहने शेयरधनीले आफुले प्रश्न गर्न चाहेको विषयबारे सभा हुनुभन्दा ७ दिन अगावै यस कम्पनीको आधिकारीक Email:unitedmodi@ntc.net.np मा जानकारी दिन हुन अनुरोध छ।
७. अन्य कुनै जानकारीका लागि कम्पनीको केन्द्रिय कार्यालय, हेरिटेज प्लाजा, कमलादी, काठमाण्डौंमा सम्पर्क गर्नुहुन अनुरोध छ।

**पुनश्च : कम्पनीका बिगतका साधारण सभाबाट पारित लांभाश यदि कुनै शेयरधनी महानुभावले नलिनुभएको भए यथाशिघ्र यस कम्पनीको शेयर रजिष्ट्रार सिबिआइएल क्यपिटल लि., बाटुलेघर, डिल्लिबजार काठमाण्डौं, फोन नं. ०१-४५१८६६७ /४५१७७२३ मा सम्पर्क गरी जानकारी लिनुहुन अनुरोध गर्दछौं। साथै कुनै शेयरधनीले ५ वर्षसम्म बुझी नलिएको नगद लाभांश रकम लगानीकर्ता संरक्षण कोषमा जम्मा गर्नुपर्ने भएको हुदाँ कम्पनी ऐन २०६३ को दफा १८२ को उपदफा (१०) तथा लगानीकर्ता संरक्षण कोष व्यवस्थापन तथा संचालन कार्यविधि, २०७३ को दफा ५ को उपदफा (३) तथा दफा ७ को उपदफा (२) समेतको प्रयोजनार्थ आफ्नो रकम सुरक्षित गर्नुहोला। अन्यथा उक्त अवधि पश्चात लिन बांकी नगद लांभाश लगानीकर्ता संरक्षण कोषमा जम्मा गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराउंदछौं।**

**हालसम्म शेयर डिम्याट नगराएका स्थानीय शेयरधनीहरुले यथाशीघ्र आफ्नो शेयर डिम्याट गर्नुहुन पनि यसै सूचनाद्वारा जानकारी गराइन्छ।**